# स्थानीय राजपत्र

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५) लमजुङ, पुस २८ गते, २०७८ साल (अतिरिक्ताङ्क ७


## भाग १

## सुन्दरबजार नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८

**ऐन नं. ७**

**प्रस्तावना :** सुन्दरबजार नगरपालिकामा कार्यरत कर्मचारीहरुको वृत्ति विकासलाई समयानुकूल व्यवस्था गर्न, कर्मचारीलाई सेवाप्रति समर्पित गराई सेवा प्रवाहमा प्रभावकारिता ल्याउन एवं नेपालको संविधानले अंगिकार गरेको सुशासन प्रवर्द्धन गर्न र स्थानीय शासन पद्धतिलाई सरल, सहज र पारदर्शी तवरबाट गुणस्तरीय तथा सेवामुखी बनाउन साथै स्थानीय सेवामा साविक स्थानीय सेवाबाट कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका कर्मचारीहरुलाई प्रोत्साहन तथा थप सुविधा व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको

संविधानको धारा २२६, संविधानको अनुसूची ८ को देहाय ५ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ र १०२ को उपदफा (१), कर्मचारी समायोजन ऐन २०७५ को दफा २३ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी सुन्दरबजार नगरपालिकाको नवौं नगर सभाबाट यो ऐन बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## नाम र प्रारम्भ

१. **नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुन्दरबजार नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन सुन्दरबजार नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "नगरपालिका" भन्नाले सुन्दरबजार नगरपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सुन्दरबजार नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भई आएका साविक स्थानीय निकायमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "समायोजन" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन गरिएको कार्य सम्झनु पर्छ ।

(च) "पुल दरबन्दी" भन्नाले स्तर/तह/ग्रेड बृद्धि भएका कर्मचारीहरुले साविककै तह वा स्तरमा कामकाज गर्ने गरी हाल स्तर/तह बृद्धि भएको स्तर/तहलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## संगठन संरचना, समायोजन र पदपूर्ति सम्वन्धी व्यवस्था

**३. संगठन संरचना तथा कर्मचारी दरबन्दी स्वीकृत गर्ने:** (१) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम प्रोत्साहन सम्बन्धी व्यवस्था भए अनुसार स्तर वृद्धि वातह वृद्धि भएकाहरुको हकमा स्वतः पुलदरबन्दी सिर्जना हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्तर/तह वृद्धि भएका कर्मचारीहरुको स्तर/तह वृद्धि एक पटक मात्र हुनेछ । त्यस्तो दरबन्दीपुल दरबन्दीमा रहने छ । त्यस्तो सुविधा लिने कर्मचारी सेवामा नरहेमा पुल दरबन्दी खारेज हुनेछ र स्तर/तह वृद्धि भएका कारणले हाल निज बहाल रहेको तल्लो पद रिक्तभएको मानिने छैन ।

**४. स्थानीय तहका कर्मचारीहरुको समायोजन सम्बन्धमा:** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुनु अघि सुन्दरबजार नगरपालिकामा कार्यरत स्थायी स्थानीय कर्मचारी र कर्मचारी समायोजन ऐन २०७५ लागु भएपछि साविक सुन्दरबजार नगरपालिका कार्यालय, जिल्ला विकास समिति लमजुङ र गा.वि.स.हरुबाट समायोजन भई आएका स्थायी कर्मचारीहरुको कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ (१) बमोजिम समायोजन प्रोत्साहन सुविधाको व्यवस्था गरिने छ ।

(२) यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पूरा गरेको कर्मचारीलाई एक पटकका लागि तह वृद्धि वा स्तर वृद्धि वा अतिरिक्त ग्रेड थप  मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइने छ ।

(३) उपदफा (२) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउँदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्य सम्पादन मूल्यांकन समेतलाई आधार बनाइने छ ।

(४) उपदफा (१) बमोजिमको तह वृद्धि वा स्तर वृद्धि वा अतिरिक्त ग्रेड थप गर्दा देहाय बमोजिम हुनेछ ।

देहाय :

| हालको तह | सेवा अवधि र शैक्षिक योग्यता | स्तर/तह, बृद्धि हुने तह/स्तर | अतिरिक्त ग्रेड थप |
|---|---|---|---|
| कार्यालय सहयोगी | - | सोही स्तरमा | खाईपाई आएकोमा दुई ग्रेड थप |
| सहायकस्तर चौथो | पाँच वर्ष स्थायी सेवा अवधि नभएको तथा पाँच वर्ष वा पाँच वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएका | सोही तहमा | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँचवर्ष वा पाँच वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको र न्यूनत्तम शैक्षिक योग्यता भएको | सहायकस्तर पाँचौ तहमा | - |
| सहायकस्तर पाँचौ | पाँच वर्ष स्थायी सेवा अवधि नभएको तथा पाँच वर्ष वा पाँच वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक | सोही तहमा | खाईपाई आएकोमा दुई ग्रेड थप |

| | | | |
|---|---|---|---|
| | योग्यता नभएका | | |
| | पाँचवर्ष वा पाँच वर्षभन्दा बढी स्थायी सेवा अवधि भएको र न्यूनत्तम शैक्षिक योग्यता भएको | अधिकृत स्तर छैटौ तहमा | - |

(५) उपदफा ४ बमोजिमको तह/स्तर, बृद्धि/अतिरिक्त ग्रेड थप अनुसूचि १को ढाँचामा तोकिए अनुसारको पत्र बमोजिमको हुनेछ। उपदफा ४ बमोजिमको सेवा अवधि गणना गर्दा निलम्बनमा परेको वा विभागीय सजाय पाएको वा अन्य यस्तै कुनै कारबाही भएको अवधिलाई सेवा अवधिमा गणना गरिने छैन ।

५. **स्तर/तह बृद्धि भएका कर्मचारीहरुको जेष्ठताको आधारः** यस ऐन बमोजिम स्तर/तह बृद्धि भएका कर्मचारीहरुको जेष्ठता कायमगर्दा देहायको आधारमा क्रमशः गरिनेछ :

(क) हालको पद वा तहमा सेवा गरेको ज्येष्ठता,

(ख) हालको पद भन्द तल्लो पद वा तहमा सेवा गरेको ज्येष्ठता,

(ग) उमेरको जेष्ठता ।

६. **स्तर/तह बृद्धि र ग्रेड बृद्धि सम्बन्धमा :** (१) कर्मचारीहरुको स्तर/तह बृद्धिका लागि देहाय बमोजिमको मापदण्ड हुनेछ ।

(क) पछिल्लो पाँच बर्षको कार्य सम्पादन मुल्याङकन (का.स.मु.) फारम भरेको ।

ख) पछिल्लो तीन बर्षको का.स.मु.मा कम्तीमा ९० प्रतिशत भन्दा बढी अंक प्राप्त गरेको ।

(२) कर्मचारीले प्राप्त गर्ने ग्रेड दर प्रचलित कानूनमा ब्यवस्था भए अनुसार हुनेछ ।

(३) अन्य प्रदेश वा स्थानीय तहमा यस्तै प्रकृतिको कानून बमोजिम कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३

उपदफा १ ले ब्यबस्था गरे बमोजिम स्तर/तह/ग्रेड बृद्धिको निर्णय भएकोमा त्यस्तो कर्मचारी सुन्दरबजार नगरपालिकामा सरुवा भई वा कामकाज गर्ने गरी आएको खण्डमा यसै ऐन बमोजिम निर्णय भएको मानिनेछ ।

७. **कर्मचारी हाजिर हुनु पर्ने एवं जिम्मेवारी दिनु पर्ने:** (१) यस ऐन बमोजिम प्रोत्साहन सुविधा प्राप्त गरेका कर्मचारीहरुलाई स्तर वा तह बृद्धि गरिएको स्तर वा तहमा बृद्धि गरिए बमोजिम प्रोत्साहन सुविधा पाउने गरी साविककै तह वा स्तरको कामकाज गर्ने गरी बृद्धि भएको तह वा स्तरमा पदस्थापन गरिनेछ ।

(२) उपदफा १ बमोजिम पदस्थापना गरिएको कर्मचारीले पदस्थापन गरिएको मितिले ३५ दिनभित्र हाजिर भई कार्यभार सम्हाल्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि तह/स्तर बृद्धि हुँदाका बखत देहायको अवस्था रहेको कर्मचारीले देहायको अवधि समाप्त भएपछि तह/स्तर बृद्धिभएको तहमा उपदफा २ को अबधि थप गरि हाजिर हुनु पर्नेछ :

(क) प्रसुति बिदा वा प्रसुति स्याहार बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ख) किरिया बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्तभएको,

(ग) निलम्बनमा रहेको कर्मचारीले त्यस्तो निलम्बन समाप्त भएको,

(घ) असाधारण वा अध्ययन बिदामा बसेको कर्मचारीले त्यस्तो बिदा समाप्त भएको,

(ङ) बिरामी परी अस्पताल भर्ना भएको कर्मचारीले कार्यालयमा हाजिर भएपछि ।

(४) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (३) बमोजिमको अवधिभित्र हाजिर नहुने

कर्मचारीलाई प्रचलित कानुन बमोजिमको विभागीय सजायको आदेश दिन पाउने अधिकारीले विभागीय सजायँ दिन सक्नेछ । तर यस्तो सजायँ दिनु पूर्व प्रचलित कानुन बमोजिम सफाई र स्पष्टीकरण पेश गर्न मनासिव मौका दिनु पर्नेछ । साथै यसरी अवकाश पाएमा नियमानुसार अवकाश पछि पाउने सुविधा भने पाउने छ ।

(५) यसरी तह/स्तर बृद्धि/अतिरिक्त ग्रेड थप हुने कर्मचारीहरुलाई तह/स्तर बृद्धि/अतिरिक्त ग्रेड थप भएको पत्र दिने तथा हाजिर गराई जिम्मेवारी दिने कार्य प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

## परिच्छेद ३
## विविध

८. **दरबन्दीको अभिलेख तथा दायित्व व्यवस्थापनः** (१) यस ऐन बमोजिम कर्मचारीहरु स्तर/तह बृद्धि/अतिरिक्त ग्रेड थपभई सकेपछिको त्यसको अभिलेख कार्यपालिकाको कार्यालयको सामान्य प्रशासन शाखाले राख्नेछ ।

९. **आवश्यक व्यवस्था मिलाउनेः** (१) यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले आदेश जारी गरी त्यसको समाधान गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशित गरिने छ ।

१०. **सामाजिक सुरक्षा कोषमा आवद्ध हुनेः** (१) सामाजिक सुरक्षा कोष कार्यक्रम लागु भएपछि स्थायी नियुक्त भएका नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ ।

(२) यस दफाको प्रयोजनको लागि कर्मचारीको तर्फबाट गर्नु पर्ने योगदान तथा नगरपालिकाको तर्फबाट गर्नु पर्ने योगदान रोजगारदाता र श्रमिकको योगदानको हकमा संघीय कानुनले तोके बमोजिम नै हुनेछ ।

(३) सुन्दरबजार नगरपालिका घोषणा हुनु पूर्व स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम कार्यालय सहयोगी पदमा नियुक्त भई नगर कार्यपालिकाको कार्यालयमा सेवा निरन्तर भएका तर समायोजन गर्न छुट भएका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।

११. **नियम तथा कार्यविधि बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्नका लागि कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

अनुसूची १
दफा ४ को उपदफा (५) सँग सम्बन्धित

**तह वृद्धि/स्तर वृद्धि/अतिरिक्त ग्रेड थपपत्र**

पत्र सख्या :
चलानी न.
मिति....................

**विषयः तह वृद्धि/स्तर वृद्धि/अतिरिक्त ग्रेड थपगरिएको सम्वन्धमा ।**

महाशय,
प्रस्तुत विषयमा मिति ........................मा स्थायी नियुक्ति भई यस नगरपालिकामा (समायोजन भई) मिति .......................बाट कार्यरत तपाईलाई कर्मचारी समायोजन ऐन, २०७५ र सुन्दर बजार नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन ऐन, २०७८ को दफा ७ को उपदफा १ बमोजिम यस कार्यालयको मिति .................... को निर्णयानुसार मिति ................देखि लागु हुने गरी तपशिल बमोजिमको तह वृद्धि/स्तर वृद्धि/अतिरिक्त ग्रेड थप गरिएको छ ।

तह वृद्धि/स्तर वृद्धि/ग्रेड थप हुनु भएकोमा हार्दिक बधाई छ ।

तपशिल

| हालकार्यरत पदको विवरण | तह वृद्धि/स्तर वृद्धि/अतिरिक्त ग्रेड थपपछिको विवरण |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समूह/उप समूहः<br>कार्यालयः | पद :<br>तह :<br>सेवा :<br>समूह/उप समूहः<br>ग्रेड थपः<br>कार्यालयः |

**श्री ..............................,**
**.................................. ।**

प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ :-**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
श्री राष्ट्रिय कितावखाना (निजामती), हरिहरभवन, ललितपुर ।
श्री प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश, पोखरा ।
श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौ ।
श्री नागरिक लगानीकोष, नयाँ बानेश्वर, काठमाण्डौ ।
श्री कोषतथा लेखा नियन्त्रकको कार्यालय, लमजुङ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, लमजुङ ।
श्री आर्थिक प्रशासन शाखा, सुन्दरबजार नगरपालिका ।

प्रमाणिकरण मिति : २०७८/०९/२८

**आज्ञाले,**
**दिवाकर पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३